नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

# नेपाली विषयको प्रश्नपत्रमा प्रयोग हुने वर्णविन्याससम्बन्धी सूचना

नेपाली भाषाको वर्णविन्यासमा भएको सुधारका सम्वन्धमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को ६५ औं बैठकको निर्णय कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रबाट अनुरोध भइआएको हुँदा राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन हुने कक्षा ११ र १२ को नेपाली विषयका प्रश्नपत्रहरूमा प्रयोग हुने वर्णविन्यास (संयुक्त वर्णको प्रयोग, पदयोग र पदवियोग, ह्रस्वदीर्घको प्रयोग तथा श, ष र स को प्रयोग) नेपाली बृहत् शब्दकोश (संशोधित र परिवर्धित दसौं संस्करण) २०७५ अनुसार हुने भएको हुँदा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

-परीक्षा नियन्त्रक

नेपाली बृहत् शब्दकोश (संशोधित र परिवर्धित संस्करण-२०७४) बाट साभार

दसौँ संस्करण

# संशोधन समितिको भनाइ

नेपाली भाषा एउटा जीवन्त भाषा हो। जीवित भाषामा आफैँभित्र परिवर्तन हुने र अन्य भाषाबाट आएका तत्त्वलाई आत्मसात् गर्ने शक्ति रहन्छ। नेपाली भाषामा पनि यस्तो शक्ति रहेकाले समयानुकूल परिवर्तनहरू भइरहेका छन् र त्यसको अङ्कन शब्दकोशमा पनि हुँदै आएको छ। भाषामा हुने परिवर्तनलाई व्याकरण र शब्दकोशले नियन्त्रणमा राखिरहन सक्दैनन् तापनि मानक प्रयोग र एकरूपताका निम्ति व्याकरण र शब्दकोशको आवश्यकता पर्दछ। शब्दकोश त्यस भाषाको समृद्धिको सूचक पनि हो। नेपाली भाषा अभिव्यक्ति क्षमताका दृष्टिले होस् वा शब्दभण्डारका दृष्टिले समृद्ध भाषा हो र यो समृद्धिको यात्रामा शब्दकोशको निर्माणले महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ। शब्दकोशको निर्माण र संशोधन एउटा जिम्मेवारीपूर्ण कार्य हो अनि यो श्रमसाध्य र समयसाध्य विषय पनि हो। शब्दकोशको निर्माणमा समाज, संस्कृति र विज्ञान सँगसँगै जोडिएर आउने हुनाले यसमा तीप्रतिको सचेतता पनि आवश्यक छ।

नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित हुँदै आएको *नेपाली बृहत् शब्दकोश* आधिकारिक शब्दकोश हो। यसको पहिलो प्रकाशन २०४० सालमा भएयता पटक पटक परिमार्जन र पुनर्मुद्रण हुँदै आएको छ। यस क्रममा यसमा संशोधन, परिमार्जन र परिवर्धन भएका छन्। शब्दकोशलाई अद्यावधिक बनाउने कार्य निरन्तरको संशोधन र परिवर्धनबाटै हुन्छ तर यसमा गरिने संशोधन र परिवर्धन औचित्यपूर्ण, समयसापेक्ष र अधिकाधिक स्वीकार्य हुनु पनि आवश्यक छ। यसैतर्फको प्रयत्न यो दसौँ संस्करण हो। *नेपाली बृहत् शब्दकोश*मा भएका पछिल्ला संशोधनहरूका सम्बन्धमा आएका सुझाव र २०७२ को संस्करणमा प्रयुक्त वर्णविन्यासका केही पक्षमा आएका गुनासा र सुझावलाई सम्बोधन गर्दै नेपाल प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद्को मिति २०७३ कार्तिक १० गतेको निर्णयबमोजिम यो दसौँ संस्करण तयार भएको हो। यस संस्करणमा निम्नलिखित कुरालाई अवलम्बन गरिएको छ :

१. संयुक्त वर्णको प्रयोग

(क) संयुक्त व्यञ्जन वर्ण विशेष गरी 'द्' वर्णसँग जोडिएर आउने शब्दमा संयुक्ताक्षर (विद्या, बुद्ध, युद्ध, द्वन्द्व, द्वित्व, द्विवचन आदि) लाई नै प्रविष्टि दिइएको छ।

(ख) अन्य संयुक्त व्यञ्जन जोडिएर बनेका शब्दको प्रविष्टिमा नेबृश २०४० बाटै हुँदै आएको प्रयोग (अङ्क, अङ्ग, शङ्ख, मङ्गल, गन्हाउनु, ब्राह्मण, प्रह्लाद, चिह्न, तत्त्व, शक्ति आदि) लाई कायम राखिएको छ ।

(ग) क् र त मिलेर बनेको संयुक्त वर्णलाई भने वैकल्पिक (शक्ति, शक्ति) रूपमा प्रविष्टि दिइएको छ।

२. पदयोग र पदवियोग

(क) रूढ भइसकेका एकार्थी स्थाननाम, वारनाम, संस्था र व्यक्तिका नामलाई पदयोग गरेर (भक्तपुर, ललितपुर, विराटनगर, आइतवार, सोमवार, विश्वविद्यालय, विद्यावारिधि, लक्ष्मीप्रसाद, लेखनाथ आदि) लेखिएको छ तर व्यक्तिनाम व्यक्तिको पहिचानसँग जोडिएकाले व्यक्तिले स्वेच्छाले छुट्याएर लेखेमा (कृष्ण बहादुर, जगदीश प्रसाद आदि) पनि अन्यथा नमान्ने नीति लिइएको छ।

(ख) सबै नामयोगीलाई पूर्व प्रचलनअनुसार मूल शब्दसँग योग गरेर (टेबुलमाथि, घरबाहिर, रामसित, पूर्वतर्फ, भनेबमोजिम आदि) लेखिएको छ।

(ग) पूर्ण द्वित्व शब्दलाई अलग्गै डिकोमा (खान्छ खान्छ, विद्यालय विद्यालय, घर घर, जो जो आदि) र आंशिक तथा आपरिवर्तित द्वित्व शब्दलाई भने एउटै डिकोमा (भातसात, मरमसला, आआफ्नो, ससाना आदि) लेखिएको छ।

(घ) संयुक्त क्रियालाई जोडेर (खानुपर्छ, खाइहाल्छ, खाइजान्छ, मिलाइदिन्छ आदि) लेखिएको छ तर पूर्वकालिक (खाई जान्छ- खाएर जान्छ), उत्तरकालिक क्रिया (खान जान्छ- खानका लागि जान्छ), एवं पूर्ण पक्ष (भनेको छ), अपूर्ण पक्ष (भन्दै छ ) र सामान्य भविष्यत् (भन्ने छ) पक्षका क्रियालाई छुट्याएर लेखिएको छ ।

(ङ) विशेषण विशेष्ययुक्त शब्दलाई नेबृश २०४० देखि नै पदवियोग गरिएको (अकासे खेती, कान्छो बाबु, कालो कोट, माइला दाइ, सानो भाइ, ठुली आमा आदि) परम्परालाई कायम राखिएको छ तर दुई शब्द मिली एकार्थी भएका समस्त शब्द तथा विकार भएका शब्दलाई पदयोग गरेर (शुभयात्रा, प्रधानमन्त्री, कालीमाटी, रातीगेडी, माल्दाइ, सान्दाइ, ठुल्यामा आदि) लेखिएको छ।

(च) समास भएर बनेका लामा शब्दहरूका घटक (प्रधान न्यायाधीश, मदन पुरस्कार, सरस्वती सम्मान, उच्च सतर्कता केन्द्र, नेपाल सरकार, संस्कार सुधार, नेपाली समालोचना, अध्ययन प्रतिवेदन आदि) तथा विशेषण विशेष्य संरचनाका घटक

(तेह्रथुमे केटो, सानो भाइ, माथिल्लो घर, साउने पानी आदि) लाई अलग डिकोमा लेखिएको छ भने दुई शब्दका लघु समासयुक्त शब्द (शिक्षामन्त्री, केटाकेटी, दालभात, बाखापालन, घरबाहिर आदि) लाई एउटै डिकोमा लेखिएको छ।

३. ह्रस्वदीर्घको प्रयोग

(क) पहिचानसँग जोडिएका जात, थर बुझाउने सबै शब्दका अन्तिम इकार र उकार पूर्व प्रचलनअनुसार दीर्घ (कामी, दमाई, लिम्बू, राई, आदि) लेखिएको छ भने समुदायले प्रचलनमा ल्याएका सायमि, यमि जस्ता प्रयोगलाई ह्रस्व लेखिएको छ।

(ख) विशेषणबोधक शब्दका अन्त्यमा आउने इकारलाई प्रचलनअनुसार दीर्घ (रोगी, भोगी आदि) र उकारलाई ह्रस्व (इखालु, विषालु, सिकारु आदि) लेखिएको छ।

(ग) तीनबाहेक सङ्ख्यावाचक सबै शब्दका आदि र मध्यमा (बिस, तिस, बत्तिस, चालिस आदि) ह्रस्व लेखिएको छ।

(घ) क्षतिपूर्ति दीर्घीभवन भनी दीर्घ (मीठो, दूध, मीत, तीतो आदि) लेखिँदै आएका सबै शब्दलाई शब्दकोशमा प्रविष्टि दिई हे. (हेर्नू) गरी प्रयोगका लागि ह्रस्वीकरण (मिठो, दुध, मित, तितो) तर्फ निर्देश गरिएको छ।

(ङ) श्रुतिसम भिन्नार्थी (फूल/फुल, तीन/तिन, पूरा/पुरा, जून/जुन जस्ता) शब्दलाई अलग अलग प्रविष्टि र अर्थलेखन गरी राखिएको छ ।

(च) तद्भव र आगन्तुक शब्दका आदि र मध्यमा ह्रस्व लेख्ने प्रचलनलाई (पिठो, तितो, स्कुल, सिकार, एसिया, सहिद आदि) कायम राखिएको छ ।

(छ) विध्यर्थक क्रियाका बिचमा ह्रस्व र अन्त्यमा दीर्घ (जाउन्, हिँडुन्, जाऊ, खानू, आदि) लेखिएको छ।

(ज) वचनबोधक 'हरू' सर्गलाई दीर्घ लेखिएको छ ।

४. श, ष र स को प्रयोग

(क) श, ष, स को प्रयोग अघिल्ला संस्करण बमोजिम नै गरिएको छ तर पहिचान खुल्ने जाति, थर बुझाउने शब्दमा आउने 'श' लाई सम्बन्धित समुदायले प्रयोगमा ल्याएका प्रचलनअनुसार (शेर्पा, शाह, शाही, शेरचन, जोशी आदि) नै लेखिएको छ

(ख) सबै आगन्तुक शब्दमा पूर्व प्रचलनअनुसार 'स' मात्र लेखिएको छ तर पहिले प्रयोग भएका शहीद, शहर जस्ता शब्दलाई भने प्रविष्टि दिई हे. गरेर प्रयोगका लागि सहिद, सहरतर्फ निर्देश गरिएको छ।